प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
**प्रदेश लेखा नियन्त्रक कार्यालय**
कोशी प्रदेश
विराटनगर, नेपाल
**ईमेल: province1.ptco@gmail.com**
फोन नं.: ०२१-४६३३४०

प.सं. २०८२/८३
च.नं ६

मिति २०८२/०४/१८

**विषय: आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन।**

**श्री प्रमुखज्यू**
**प्रदेश लेखा इकाई कार्यालयहरु, सबै**
**कोशी प्रदेश ।**

आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. १ मिति २०८२।०४।०१ गतेको आर्थिक वर्ष २०८२/०८३ को बजेट कार्यान्वयन सम्वन्धी निर्देशन बमोजिम चालु आ.व. २०८२/८३ को निमित्त विनियोजित बजेटको प्रभावकारी कार्यान्वयन गरी उपलब्धी हासिल गर्न वार्षिक व्यय अनुमानमा उल्लेखित रकम निकासा र खर्चको लेखांकन र नियमित प्रतिवेदनको लागि प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३१ बमोजिम विभिन्न मन्त्रालय, संवैधानिक निकाय, सचिवालय, आयोग तथा विभागलाई दिएका अख्तियारी तथा निर्देशनमा उल्लेख भएका विषय समेतलाई ध्यान दिई देहाय बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

(क) **कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट**

१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Province Line Ministry Budgetary Information System-PLMBIS) र एकल खाता कोष प्रणाली (TSA) बीच अन्तरआवद्धता रहेको हुँदा PLMBIS बाट प्राप्त हुने कार्यक्रमलाई नै स्वीकृत र खर्च गर्ने अख्तियारी मानी सम्बन्धित कार्यालयलाई बजेट निकासा गर्ने व्यवस्था मिलाउने ।

२. कुनै निकायमा एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले खर्च गर्ने निकायहरुलाई २०८२ कार्तिक मसान्तभित्र सम्पूर्ण रकम बाँडफाँट गरिसक्नु पर्ने साथै उक्त समयपछि बाँडफाँट हुन नसकेको बजेट आर्थिक मामिला तथा योजना मन्त्रालयले रोक्का गर्न वा रकमान्तर गरी अर्थ विविधमा सार्न सक्ने व्यवस्था रहेकोछ ।

३. विपद्को अवस्था, प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णय र विशेष अवस्थामा बाहेक पहिलो त्रैमासिक अवधि सम्म थप निकासा वा रकमान्तर नहुने व्यवस्था रहेकोछ ।

४. सशर्त, समपुरक, विशेष अनुदानमा राखिएको रकम तोकिएका कार्यक्रमका लागि मात्र खर्च गर्नु पर्ने भएकोले सोही अनुसार निकासा गर्नुपर्नेछ ।

दामोदर ... प्रदेश लेखा नियन्त्र... ४/१८

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
# प्रदेश लेखा नियन्त्रक कार्यालय
कोशी प्रदेश
विराटनगर, नेपाल

५. प्रदेशका कुनै मन्त्रालय/निकाय वा अन्तर्गतका कार्यालयको संघीय सशर्त, समपुरक र विशेष अनुदान बाहेकका स्वीकृत कार्यक्रम प्रदेशका अन्य मन्त्रालय/निकाय वा अन्तर्गतका कार्यालय बाट कार्यान्वयन गराउनु पर्ने भएमा कार्य जिम्मेवारी, कामको प्रकृति, विज्ञता र कार्यक्षेत्रको आधारमा कार्यान्वयन गराउनु पर्ने मन्त्रालयको लेखा उत्तरदायि अधिकृतलाई २०८२ पौष मसान्त भित्र अख्तियारी दिई कार्यान्वयन गराउन सकिने व्यवस्था रहेकोछ ।

६. विनियोजित बजेटको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रम आर्थिक वर्षको फागुन मसान्तसम्म खर्च नभए वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा त्यस्तो रकम २०८२ चैत्र १५ गतेभित्र अनिवार्य रुपमा आर्थिक मामिला तथा योजना मन्त्रालयमा समर्पण गर्नुपर्ने व्यवस्था रहेकोछ ।

७. प्रदेश सरकार अन्तर्गत स्थापना वा गठन भएका बोर्ड, समिति, प्रतिष्ठान, आयोग, परिषद वा यस्तै प्रकृतिका अन्य संस्था ( गैर बजेटरी निकाय) ले प्रदेश सरकारबाट प्राप्त जुनसुकै प्रकृतिको अनुदान खर्च गर्दै आएको भएमा आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा सात दिन अगावै भुक्तानी दिनुपर्ने रकम भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने र सोहि आर्थिक वर्षभित्र खर्च हुन नसकी त्यस्तो खातामा बाँकी रहेको रकम असार मसान्तभित्र सम्बन्धित जिल्लाको ख-२.१ बजेट खर्च खातामा फिर्ता गर्नु पर्ने व्यवस्था मिलाउने ।

(ख) योजना वा कार्यक्रम हस्तान्तरण र कार्यान्वयन

८. कोशी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ७ को उपदफा (१) बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै आयोजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्नुपर्ने भएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले त्यस्तो आयोजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्न सकिने व्यवस्था रहेकोछ।

९. कोशी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ७ को उपदफा (३) बमोजिम प्रदेश सरकारको विषयगत मन्त्रालयको स्वीकृत बजेट तथा कार्यक्रममा समावेश भएको कुनै आयोजना वा कार्यक्रम स्थानीय तहमार्फत् कार्यान्वयन गराउन आवश्यक ठानेमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा सम्बन्धित मन्त्रालयले निर्णय गरी सशर्त अनुदानको रूपमा वित्तीय हस्तान्तरण गर्न सकिनेछ। यसरी वित्तीय हस्तान्तरण गर्दा २०८२ साल पौष मसान्तभित्र सम्बन्धित मन्त्रालयले हस्तान्तरणको निर्णय गरिसक्नुपर्ने व्यवस्था रहेकोछ।

दामोदर खत्री
प्रदेश लेखा नियन्त्रक

१०. कोशी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ७ को उपदफा (४) बमोजिम स्थानीय तहको आयोजना तथा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालयमार्फत् कार्यान्वयन गर्ने निर्णय भएमा सम्बन्धित स्थानीय तहले प्रदेश निकायको नाममा प्रदेश लेखा इकाइ कार्यालयमा रहेको विविध खाता ख-२.६ मा जम्मा हुने गरी निकासा दिने।

(ग) बजेट निकासा तथा बजेट कार्यान्वयन

११. बजेट वक्तव्यको बुदाँ नं. २२५ मा आर्थिक वर्ष सुरु हुनु अगावै बजेट कार्यान्वयन कार्ययोजना मन्त्रालय तथा निकायबाट सम्वत् २०८२ असार मसान्तभित्रै स्वीकृत गर्नुपर्ने र "प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८" को दफा २१ को उपदफा (५) एवम् "प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३४ बमोजिम सम्वत् २०८२ श्रावण मसान्तभित्र कार्यसम्पादन सम्झौता गर्ने व्यवस्था रहेकोछ।

१२. सार्वजनिक खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ अनुसार आयोजनाको तयारीका चरणहरु पूरा गरी बजेट विनियोजन भएका आयोजना/कार्यक्रमको त्रैमासिक विभाजन सहितको वार्षिक खरिद योजना स्वीकृत गर्नुपर्ने व्यवस्था रहेकोछ।

१३. बजेट वक्तव्यको बुदाँ नं.२२६ मा मन्त्रालयहरुले बजेट तथा कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड संशोधन गर्नुपर्ने भए सम्वत् २०८२ श्रावण मसान्तभित्र र नयाँ तर्जुमा गर्नुपर्ने भए सम्वत् २०८२ कार्तिक मसान्तभित्र गरिसक्नु पर्ने व्यवस्था रहेकोछ।

१४. स्थानीय तहमा सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने सम्वन्धमा आवश्यक मापदण्ड, मार्गदर्शन, निर्देशिका र कार्यविधि स्वीकृत गरी सम्बन्धित स्थानीय तहमा सम्वत २०८२ श्रावण मसान्तभित्र नै उपलब्ध गराउनु पर्ने व्यवस्था रहेकोछ।

१५. विभिन्न कोषहरुको लागि रकम विनियोजन गरिएको भए कोष सञ्चालन सम्बन्धी कार्यविधि र मापदण्ड स्वीकृत गराएर कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेकोछ।

१६. स्वीकृत वार्षिक कार्यक्रम परेका आयोजनाको तयारीका चरणहरु पूरा गरी कार्यक्रम/आयोजनाको त्रैमासिक विभाजन सहितको वार्षिक खरिद योजना, विस्तृत डिजाइन र

दामोदर खत्री
प्रदेश लेखा नियन्त्रक

लागत अनुमान तयार गरी २०८२ असोज मसान्तभित्र ठेक्का व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य शुरु गरिसक्नु पर्ने।

१७. बहुवर्षीय स्रोत सहमति दिइएका आयोजना सहमति प्राप्त मितिले नौ महिनाभित्र ठेक्का सम्झौता नभएमा त्यस्तो स्रोत सहमति स्वतः खारेज हुने व्यवस्था रहेकोछ।

१८. PLMBIS मा प्रविष्ट भएका कुनै आयोजना क्रियाकलापमा दोहोरोपना पर्न गएको भए एउटा आयोजना क्रियाकलाप मात्र कार्यान्वयन गर्नु गराउनुपर्ने साथै दोहोरोपना परेको अर्को क्रियाकलापमा विनियोजित बजेट स्वतः रोक्का भएको मान्नुपर्ने व्यवस्था रहेकोछ।

१९. कोशी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ४ को उपदफा (७) बमोजिम प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको आयोजना/ कार्यक्रमको नाम वा ठेगानामा भएको सामान्य त्रुटी संशोधन गर्नुपर्ने भएमा सम्बन्धित स्थानीय तह वा वडा कार्यालय र सम्बन्धित कार्यालयको सिफारिसमा कार्यक्रमको लक्ष्य, उद्देश्य र विनियोजित बजेटमा फरक नपर्ने गरी कार्यक्रम कार्यान्वयन गर्न सम्बन्धित मन्त्रालयबाट निर्णय गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा अनुरोध गर्नुपर्ने व्यवस्था रहेकोछ।

२०. वैदेशिक स्रोत समावेश भएका कार्यक्रममा विनियोजित नगद ऋण तथा नगद अनुदान रकम निकासा गर्न यस कार्यालयको फुकुवा आवश्यक पर्नेछ ।

२१. शोधभर्ना हुने अनुदान तथा ऋण समावेश भएको कार्यक्रमको दोश्रो त्रैमासिक सम्मको बजेट फुकुवा गरिएको छ भने तेश्रो र चौथो त्रैमासिकको बजेट भुक्तानी/निकासा गर्दा यस कार्यालयको स्रोत फुकुवा अनिवार्य हुनुपर्नेछ ।

२२. सबै खर्च व्यवस्थापनका प्रक्रियालाई विधिसम्मत बनाई शुन्य बेरुजु कायम हुने गरी बजेटको प्रभावकारी कार्यान्वयन र अनुशासन कायम गर्नु गराउनु पर्ने, बेरुजु फस्यौंट कार्यलाई प्राथमिकतामा राखी उक्त कार्य स्थायी दरबन्दी भित्रका जनशक्तिबाट सम्पन्न गर्न साथै सो कार्यका लागि करारमा थप जनशक्ति लिन नपाइने व्यवस्था रहेकोछ।

२३. तोकिएको गुणस्तर, समय र कार्ययोजना अनुरूप कार्यसम्पादन नगर्ने निर्माण व्यवसायीलाई प्रचलित कानुन बमोजिम कारवाही गर्ने व्यवस्था मिलाउनु हुनेछ। निर्धारित समय, लागत र परिमाणमा काम सम्पन्न गर्न र गुणस्तर कायम गर्न आयोजना प्रमुख तथा निर्माण व्यवसायीलाई परिणाम प्रति जवाफदेही हुने प्रणालीको विकास गर्नु/गराउनु पर्ने व्यवस्था रहेकोछ।

दामोदर खत्री
प्रदेश लेखा नियन्त्रक

२४. आयोजना कार्यान्वयनमा ल्याउनु अघि प्रचलित कानूनमा तोकिए बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षणका कार्यहरू प्रचलित कानूनमा तोकिएको न्यूनतम सयमसीमा भित्र सम्पन्न गर्नु पर्ने, सडक निर्माणको लागि बोलपत्र आव्हान गर्दा खानेपानी तथा ढल, विजुलीको पोल/तार व्यवस्थापन वा भूमिगत गर्ने समेतको काम एउटै प्याकेजमा समावेश गरी कार्यान्वयन गर्नु गराउनु पर्ने व्यवस्था रहेकोछ।

२५. आयोजनाको लागत अनुमान र परामर्श सेवाभित्र **सवारी साधन खरिद र वैदेशिक भ्रमण** समावेश गर्न नपाईने व्यवस्था रहेकोछ।

२६. कोशी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ४ को उपदफा (९) बमोजिम प्रदेश स्रोतबाट सञ्चालन हुने गरी विनियोजन भएको कुनै आयोजना वा कार्यक्रमको एक पटक ठेक्का बन्दोबस्त भईसकेपछि **बचत हुने रकमको पुनः ठेक्का लगाउन पाइने छैन।** यसरी बचत हुने रकम सम्बन्धित निकायले तालुक मन्त्रालय मार्फत बजेट समर्पण गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

२७. अनुदान सहायता र मागमा आधारित कार्यक्रममा विनियोजन भएको रकम कार्यविधि, मापदण्ड स्वीकृत गराएर मात्र कार्यान्वयन गर्ने साथै उल्लेखित कार्य गर्दा खुलारुपमा सूचना आह्वान गरी प्रस्ताव माग गरी लाभग्राही छनौट गर्ने व्यवस्था रहेकोछ।

२८. सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०८१ अनुसार मालसामान तथा वस्तु खरिद गर्नुपर्ने व्यवस्था रहेकोछ।

२९. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम २२ बमोजिम प्रतिवद्धता रकमको एकीकृत विवरण तयार गर्नको लागि खरिद सम्झौता रकम हालसम्मको भुक्तानी रकम, ठेक्का सम्झौता मिति, सम्पन्न गर्नुपर्ने समय आदि विवरणहरु CGAS मा अभिलेख राख्ने र राख्न लगाउनु पर्नेछ । CGAS मा प्रतिवद्धता रकमको प्रविष्टि गरेर मात्र रकम भुक्तानी गर्नुपर्ने भएकोले खरिद सम्झौता वापतको रकम भुक्तानी निकासा गर्दा प्रतिवद्धताको अभिलेख प्रविष्टि पश्चात मात्र भुक्तानी निकासा गर्ने व्यवस्था मिलाउने । विगत आर्थिक वर्षहरुमा खरिद सम्झौता भई कार्य सम्पन्न भइनसकेका खरिद सम्झौताको हकमा समेत सोही बमोजिम प्रतिवद्धताको अभिलेख राख्नुपर्ने विषयलाई अनिवार्य रुपमा कार्यान्वयन गर्नु/गराउनु पर्नेछ ।

(घ) बजेट खर्च, रकमान्तर तथा प्रतिवेदन

३०. **स्रोतको सुनिश्चितता नभई शुरु गरिएका कुनै पनि खरिद प्रक्रियावाट सिर्जित दायित्वका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयबाट बजेट निकासा वा रकमान्तर नगरिने व्यवस्था रहेकोछ।** यस्तो कार्यले प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्व ऐन, २०७८ को

दफा ५९ को उपदफा ५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन, २०८१) को दफा ८ को उपदफा (१) समेत आकर्षित हुन सक्ने व्यवस्था रहेकोछ ।

३१. आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति प्राप्त गरेको बहुवर्षीय आयोजना वा कार्यक्रममा विनियोजित रकम सम्वत् २०८३ वैशाख मसान्त अगाडि रकमान्तर गरी घटाउन नसकिने व्यवस्था रहेकोछ।

३२. तलव, भत्ता जस्ता अनिवार्य दायित्व व्यवस्थापन, बहुवर्षीय आयोजना वा कार्यक्रमको दायित्व व्यवस्थापन, विपद् र महामारीको अवस्थामा बाहेक **२०८३ जेठ २० गते पश्चात् रकमान्तर वा स्रोतान्तर नगरिने व्यवस्था रहेकोछ।**

३३. पूँजीगत खर्चतर्फ विनियोजन भएको रकम चालु खर्चमा र पूँजीगत अनुदानमा विनियोजित रकम चालु अनुदानमा रकमान्तर गर्न नसकिने व्यवस्था रहेकोछ।

३४. कुनै क्रियाकलापमा निकासा वा रकमान्तरबाट थप भएको रकम पुनः अन्य क्रियाकलापमा सार्न वा रकमान्तर गर्न नपाउने व्यवस्था रहेकोछ।

३५. कोशी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ५ को उपदफा (२) को खण्ड (ग) बमोजिम तलब, भत्ता जस्ता अनिवार्य दायित्व र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति प्राप्त गरेको बहुवर्षीय आयोजना/कार्यक्रम बाहेक **सम्बन्धित आयोजना/कार्यक्रमको सुरु विनियोजन रकमको शत प्रतिशत भन्दा बढी रकमान्तर थप गर्न नमिल्ने** व्यवस्था रहेकोछ।

३६. स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्नुअघि रकमान्तर, स्रोतान्तर, थप निकासा वा कार्यक्रम संशोधन गर्नुपरेमा प्रचलित कानून बमोजिम आवश्यक प्रक्रिया पूरा गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट स्वीकृत भएपछि मात्र कार्यक्रम कार्यान्वयनको प्रक्रिया अगाडि बढाउनु पर्ने व्यवस्था रहेकोछ।

३७. तलब, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, संचार महसुल र घर भाडामा आगामी वर्षको लागि दायित्व नसर्ने गरी मितव्ययी रुपमा खर्च व्यवस्थापन गर्नु/गराउनु पर्नेछ। सम्बन्धित निकायबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब, भत्ता बापतको रकम भुक्तानी गर्नु पर्ने र नेपाल सरकार, अर्थ मन्त्रालयबाट निर्धारण भएको तलब स्केल अनुसार भुक्तानी खर्च लेख्नुहुनेछ। स्वीकृत दरबन्दीमा रहेर मात्र सेवा करारका कर्मचारीहरुको व्यवस्थापन गर्नुपर्नेछ।

दामोदर खरी
प्रदेश लेखा नियन्त्रक

३८. विनियोजित बजेटबाट स्वीकृत दरबन्दीमा रहेका कर्मचारीहरुको लागि महँगी भत्ता वापतको रकम उपलब्ध गराउँदा वृद्धि भएकै दरमा नियमवमोजिम भुक्तानी हुने व्यवस्था मिलाउनु पर्नेछ।

३९. स्वीकृत दरबन्दीमा रहेका करारका कर्मचारीहरुको लागि सामाजिक सुरक्षा कोषमा कट्टी दाखिला गर्ने प्रयोजनको लागि विनियोजन भएको रकम आर्थिक मामिला तथा योजना मन्त्रालयको परिपत्र नभएसम्म निकासा तथा खर्च नगर्ने ।

४०. सरकारी कार्यालयहरुलाई भवन आवश्यक भएमा सम्भव भएसम्म खाली भएका सरकारी भवनलाई प्राथमिकताका साथ प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्नेछ। सरकारी भवन व्यवस्था हुन नसकेमा व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिई न्यूनतम आवश्यकता र सुविधा भएको अन्य स्थानमा घर बहालमा लिने व्यवस्था मिलाउनु पर्नेछ।

४१. कार्यालयमा भएका फर्निचर तथा अन्य सामाग्री मर्मत, सम्भार गरी प्रयोग गर्नुहुनेछ र काम नलाग्ने फर्निचर, मेशिनरी औजारहरु र अन्य सामाग्रीहरु लिलाम विक्री अनिवार्य रुपमा गर्नुहुनेछ। नयाँ स्थापना भएको कार्यालय र अति आवश्यक बाहेक थप फर्निचर तथा फिक्चर्स, मेशिनरी औजार खरिद नगर्ने नीति अबलम्बन गर्नुपर्नेछ।

४२. सवारी साधन खरिदका लागि स्वीकृत खर्च क्रियाकलाप कार्यान्वयन गर्दा विनियोजित बजेटको सीमाभित्र रही गर्नुपर्ने साथै सो क्रियाकलापमा रकमान्तर थप नगरिने व्यवस्था रहेकोछ।

४३. नगद कारोवार गर्दा हुन सक्ने जोखिम कम गर्न निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवाप्रदायक र परामर्शदाताको अनिवार्य रुपमा सम्बन्धित बैंक खातामा विद्युतीय प्रणालीमार्फत् भुक्तानी (EFT) गर्ने साथै तलब, भत्ता, औषधि उपचार, उपदान, सञ्चित विदा र सामाजिक सुरक्षा भत्ता लगायतका सबै प्रकारका भुक्तानीहरु सोझै बैंक खातामा विद्युतीय प्रणालीमार्फत भुक्तानी (EFT) गर्ने।

४४. प्रदेश अन्तर्गत विभिन्न जिल्ला तथा स्थानीय स्तरमा हुने तालिम, गोष्ठी, अन्तरक्रिया आदि कार्यक्रम सञ्चालन गर्दा विषयसँग सम्बन्धित संघीय निकाय, प्रदेशका मन्त्रालय तथा स्थानीय तहसँगको समन्वयमा दोहोरो नपर्ने गरी एकीकृत रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ। कार्यक्रम सञ्चालन गर्दा विशिष्ट पदाधिकारी सहभागी हुने भई औचित्य पुष्टि हुने अवस्था वाहेकमा सरकारी निकायकै सभाहल अनिवार्य रुपमा प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

प्रदेश लेखा नियन्त्रक

४५. कार्यालयमा रहेका जनशक्तिको अधिकतम उपयोग गरी कार्यसम्पादन गर्ने व्यवस्था मिलाउनु हुनेछ। बाह्य निकाय/संस्था/व्यक्तिबाट परामर्शदाता नियुक्ति गरी कार्यसम्पादन गराउने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्नेछ।

४६. वैदेशिक भ्रमण गर्दा नेपाल सरकारबाट स्वीकृत वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिकाको अधिनमा रही मितव्ययिता कायम गरी आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व सहमति लिनुपर्नेछ।

४७. मुलुकमा विपद् वा कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरुप राजस्व संकलन हुन नसकेमा र प्रदेश सरकारले संघबाट पाउनु पर्ने वित्तीय समानीकरण अनुदान प्राप्त गर्न नसकेमा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७८ को दफा २३ बमोजिम प्रदेश सञ्चित कोषको अवस्था अनुसार स्वीकृत बजेटमा मन्त्रालयले आवश्यक रोक्का वा नियन्त्रण गर्न सक्ने अवस्था रहेको सन्दर्भमा निकासा गर्दा यस कार्यालयको समन्वय र परामर्शमा मात्र भुक्तानी निकासा गर्नुपर्नेछ।

४८. संघ सशर्त, समपूरक र विशेष अनुदानबाट सञ्चालन हुने आयोजना/कार्यक्रमको बजेट निकासा महालेखा नियन्त्रक कार्यालयबाट खर्च विवरणका आधारमा प्राप्त हुने हुँदा खर्चको विवरण मासिक र प्रगति प्रतिवेदन त्रैमासिक रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनुपर्नेछ।

**(ङ) वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था**

४९. आयोजना/कार्यक्रमको विस्तृत क्रियाकलाप, सम्पन्न गर्नुपर्ने अवधि र लागत, उपलब्धी सूचक र जिम्मेवार कर्मचारी सहितको बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को अनुसूची-१२ को ढाँचामा स्वीकृत गरी सम्बन्धित मन्त्रालयको वेबसाइटमार्फत् सार्वजनिक गर्नुपर्नेछ ।

५०. सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७९ को दफा २५ (३) अनुसार तलबभत्ता, पारिश्रमिक, विजुली टेलिफोन जस्ता अनिवार्य खर्च बाहेक रु.५० हजार भन्दा माथिको खर्च बिल भुक्तानी गर्नु अघि वेभसाइट मार्फत वा सूचना पाटीमा टाँस गरी सार्वजनिक गरेर मात्र भुक्तानी दिने व्यवस्था गर्नु पर्नेछ ।

५१. सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७९ को दफा ५ अनुसार भ्रमण सम्वन्धि आवश्यक व्यवस्थापन मिलाउनुहुनेछ। साथै अन्तरप्रदेश भ्रमण वा अन्य भ्रमणमा जानेलाई दोहोरो खर्च नहुने गरी भ्रमणखर्च नियमावली, २०६४ अनुसारको दैनिक तथा भ्रमण खर्च मात्र भुक्तानी दिने व्यवस्था रहेकोछ ।सरकारी खर्चमा शुभकामना सन्देश वा कार्ड प्रकाशन वा प्रशारण नगर्ने।

दामोदर खत्री
प्रदेश लेखा नियन्त्रक

५२. भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ (३) मा बस वा अन्य सार्वजनिक यातायातको सुविधा प्राप्त हुने ठाउँमा एकै दिन गई फर्कने गरी सरकारी काममा काज खटी जाने पदाधिकारी वा कर्मचारीले यस नियमावली बमोजिम भ्रमण खर्च र दैनिक भत्ताको पच्चीस प्रतिशत खाजा खर्च बापत पाउनेछ भन्ने प्रावधान रहेको हुँदा एकै दिनमा गई फर्किन सकिने स्थानमा भ्रमण वा काजमा खटाउँदा भ्रमण खर्च नियमावलीको प्रावधान अनुसार मात्र दैनिक भत्ता भुक्तानी गर्नुपर्नेछ ।

५३. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३९ अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश योजना आयोगको प्रतिनिधिलाई समेत आमन्त्रण गरी त्रैमासिक एवम् वार्षिक प्रगति समीक्षा गर्नुपर्नेछ।

५४. कार्यक्रम गोष्ठी तालिम लगायतको खर्च गर्दा कर्मचारीलाई पेश्की दिई खर्च गराउनुको सट्टा भुक्तानी दिनुपर्ने सम्बन्धित व्यक्ति, संस्था वा व्यवसायीको बैंक खाता मार्फत भुक्तानी दिने व्यवस्था मिलाउनुपर्नेछ ।नियमित प्रकृतिका कामबाट सृजना हुने दायित्वको भुक्तानी कार्यक्रममा नराखी नियमित शीषर्क/क्रियाकलाप बाट गर्नुपर्नेछ ।

५५. साधारण प्रकृतिका गोष्ठी/बैठक/छलफल गर्नुपर्दा समय र खर्च मितव्ययी हुनेगरी अनलाईन वा भर्च्युअल माध्यमबाट गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

५६. बोलपत्र आह्वान वा अन्य सूचना प्रकाशन गर्दा थोरै विषयमात्र पत्रपत्रिकामा प्रकाशन गर्ने र विस्तृत विवरण वेभसाइट वा अन्य विद्युतीय माध्यमबाट हेर्न सकिने गरी प्रकाशन गर्नुपर्ने व्यवस्था रहेकोछ ।

५७. पदाधिकारी तथा कर्मचारीलाई प्रचलित कानून तथा सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ मा तोकिए बमोजिम मात्र सवारी साधन, इन्धन, संचार, अतिथिसत्कार लगायतको सुविधा उपलब्ध गराउनु पर्ने, तोकिएको मापदण्ड भन्दा बढी र दोहोरो हुने गरी इन्धन तथा अन्य सुविधा दिन नहुने तथा विविध खर्चलाई मापदण्डमा आधारित बनाएर मात्र खर्च गर्नुपर्ने व्यवस्था रहेकोछ ।

५८. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५८ को व्यवस्था अनुसार प्रचलित कानून बमोजिम सम्बन्धित कार्यालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरु त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको मितिले सात दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्ने व्यवस्था रहेकोछ ।

५९. आवश्यकता र औचित्यका आधारमा मात्र अनुगमन तथा भ्रमण खर्च प्रदान गर्ने/गराउने, अनुगमन मूल्याङ्कनका सूचकहरु एवम् प्रतिवेदनको ढाँचा तयार गरी अनुगमनमा जाने र तोकिएको ढाँचा अनुरुपको अनुगमन प्रतिवेदन पेश गरेपछि मात्र अनुगमन भ्रमण खर्चको भुक्तानी गर्ने साथै अनुगमन प्रतिवेदनलाई सम्बन्धित शाखा वा निकायमा कार्यान्वयनको लागि पठाउने एवम् प्रगति समीक्षामा समेत समावेश गरी छलफल गर्नुपर्ने व्यवस्था रहेकोछ ।

६०. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ९९ बमोजिम सरकारी सम्पति तथा जिन्सी मालसामानको निरीक्षण सम्वन्धी व्यवस्थाको कार्यान्वयन गरी लिलाम विक्री गर्ने सम्पति तथा जिन्सी मालसामानको लिलाम विक्री गर्ने कार्य नियम १०६ बमोजिम कार्यान्वयन गर्नु/गराउनु पर्नेछ। साथै मर्मत सुधार गर्दा समेत संचालनमा नआउने सवारी साधन, फर्निचर, कम्प्युटर, ल्यापटप लगायतका सामग्रीहरु अनिवार्य रुपमा ६ महिनाभित्र लिलाम बिक्री गराउनु पर्ने व्यवस्था रहेको छ ।

६१. राजस्व, खर्च तथा सार्वजनिक सम्पत्तिको लेखा/अभिलेख राख्दा महालेखा नियन्त्रक कार्यालयले तोकेको कम्प्युटरराइज्ड प्रणालीबाट राख्ने व्यवस्था रहेकोछ ।

६२. नेपाल सरकारबाट जारी भएको सार्वजनिक खर्चमा मितव्ययीता सम्बन्धी निर्देशिका र प्रदेश सरकारबाट स्वीकृत सार्वजनिक खर्चको मापदण्ड, मितव्ययिता सम्वन्धी निर्देशिकाको कार्यान्वयन गर्ने व्यवस्था रहेकोछ । प्रचलित कानूनमा तोकिएका समिति, कार्यदलको बैठकका लागि मात्र बैठक भत्ता प्रदान गर्ने/गराउने व्यवस्था रहेकोछ । बैठक भत्ता प्रदान गर्दा सार्वजनिक खर्चको मापदण्ड, मितव्ययिता सम्वन्धी निर्देशिका, २०७९ को दफा ३ को उपदफा (१ ख) बमोजिम विद्युतीय हाजिरी अभिलेख रहेको यकिन गर्नु पर्ने ।

६३. भुक्तानी गर्दा प्रचलित कानून वमोजिम स्थायी लेखा नं. (PAN) अनिवार्य गरिने व्यवस्था कार्यान्वयन गर्नु पर्नेछ । साथै नियमानुसारको आयकर र पारिश्रमिक कर अग्रिम रुपमा कट्टि गरी दाखिल गर्ने व्यवस्था मिलाउनु पर्नेछ । विल/विजकको भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर (VAT) को रकम आन्तरिक राजश्व विभागले तोकेअनुसार दाखिला गरेर मात्र भुक्तानी गर्ने व्यवस्था रहेकोछ ।

(च) स्थानीय तहको अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्वन्धि व्यवस्था

६४. वित्तीय समानिकरण अनुदानको एक चौथाई हुन आउने रकम सम्वन्धित स्थानीय तहको संचितकोषमा प्रत्येक आर्थिक वर्षको असोज २ गते, मंसिर २ गते, फाल्गुन २ गते र जेष्ठ २ गते गरी चार किस्तामा हस्तान्तरण गर्ने व्यवस्था मिलाउने ।

६५. वित्तीय समानिकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखाइका कार्यालयमा प्रत्येक आर्थिक वर्षको कातिक १ गते, माघ १ गते, बैशाख १ गते र वार्षिक आर्थिक विवरण २०८३ श्रावण मसान्त भित्र पेश गर्नुपर्ने व्यवस्था रहेकोले विवरण प्राप्त भएपछि मात्र वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम हस्तान्तरण व्यवस्था मिलाउने ।

६६. सशर्त अनुदान रकमको एक तिहाइ रकम असोज २ गते हस्तान्तरण गर्नु पर्नेछ । स्थानीय तहले सशर्त अनुदान वापत हस्तान्तरण भएको रकम खर्च गर्ने कार्य योजना बमोजिम भएको खर्चको विवरण पौष १५ गते, वैशाख १५ गते र असार १५ गतेभित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको श्रावण मसान्तभित्र बुझाउने व्यवस्था अनुरूप खर्च भएको

विवरणको आधारमा सशर्त अनुदान रकम समायोजन गरी बाँकी रकम शोधभर्ना निकासा दिनु पर्नेछ ।

६७. प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण भएको सशर्त, समपुरक र विशेष अनुदान मार्फत संचालन हुने आयोजना / कार्यक्रमको एकपटक ठेक्का बन्दोवस्त भइसके पछि बचत हुने रकमको पुनः ठेक्का लगाउन पाइने छैन । त्यस्तो बचत रकम तथा खर्च नभई बाँकी रहेको अनुदान रकम चालु आर्थिक वर्ष भित्रै प्रदेश संचितकोष (सम्वन्धित प्रदेश लेखा इकाई कार्यालयको बजेट खर्च खाता) मा दाखिला गर्ने/गराउने व्यवस्था रहेको छ ।

६८. बुदा नं. ६७ बमोजिमको बचत रकम फिर्ता दाखिला नभएमा आगामी आ.व.मा हस्तान्तरण हुने वित्तीय समानिकरण अनुदान बाट कट्टा गरी बाँकी रकम मात्र सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्ने ।

**(छ) आन्तरिक लेखा परीक्षण प्रतिवेदन र विविध**

६९. आन्तरिक लेखा परीक्षण योजना तयार गरी भाद्र मसान्तभित्र अनिवार्य रुपमा TSA प्रणालीको आन्तरिक लेखापरीक्षण मोड्युलमा प्रविष्टि गर्ने ।

७०. लेखापरीक्षण योजना अनुरुप त्रैमासिक अवधि समाप्त भएको एक महिना भित्र सो अवधिसम्मको आफ्नो कार्यक्षेत्र भित्रका कार्यालयहरुको अनिवार्य रुपमा आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न गरी/गराई सोको प्रतिवेदन एकल कोष खाता प्रणाली (TSA) को आन्तरिक लेखापरीक्षण मोड्युलबाट गर्ने ।

७१. आफ्नो कार्यक्षेत्र भित्रका सवै कार्यालयहरुको आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सो को एकीकृत वार्षिक प्रतिवेदन प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्ने ।

बोधार्थः
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश विराटनगर ।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, सवै शाखाहरु ।

२०८२/०४/१८

दामोदर खत्री
प्रदेश लेखा नियन्त्रक